नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्याः सं.मा.शा. २०७२/०७३
चलानी नं.

फोन नं. ०१ ४२११८९५

मितिः २०७३ वैशाख ३१

## प्रेस विज्ञप्ती

गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगको कामलाई सहजीकरण र समन्वय गर्ने उद्देश्यले माननीय उपप्रधानमन्त्री तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूको संयोजकत्वमा गठित सहजीकरण समितिको पहिलो वैठक आज मिति २०७३ वैशाख ३१ गते काठमाडौंमा सम्पन्न भएको छ। वैठकमा माननीय सङ्घीय मामिला तथा स्थानीय विकास सहायकमन्त्री, नेपाल सरकारका मुख्यसचिव लगायत विभिन्न मन्त्रालयका सचिवहरू, आयोगका अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरूको उपस्थिती रहेको थियो। उक्त अवसरमा आयोगका अध्यक्ष श्री वालानन्द पौडेलवाट आयोगको कार्ययोजना, हालसम्मको कार्यप्रगति प्रस्तुत गर्नुभयो। वैठकलाई सम्वोधन गर्दै माननीय उपप्रधानमन्त्री श्री कमल थापाज्यूवाट संविधान वमोजिम निर्धारित कार्य समयमै सम्पन्न गर्न आवश्यक सवै सहयोग उपलव्ध गराईने प्रतिवद्धता सहित आयोगले समयमै कार्यसम्पन्न गर्ने विश्वास व्यक्त गर्नुभयो। यस क्रममा नेपाल सरकारका मुख्य सचिवले आयोगले प्राप्त कार्यशर्त वमोजिम समयमै कार्यसम्पन्न गर्नका साथै जिल्ला तहको प्राविधिक समितिलाई वढी क्रियाशिल तुल्याउन सुझाव दिनुभयो। वैठकमा आयोगलाई आवश्यक पर्ने जनशक्ति सम्वन्धित निकायहरूले प्राथमिकताका साथ उपलव्ध गराउने, आयोगलाई आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्था र सहजीकरण समितिमा वन तथा भूसंरक्षण मंत्रालय तथा स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समितिमा जिल्ला वन कार्यालयलाई सदस्यको रूपमा आमन्त्रण गर्ने निर्णय भयो।

०७३।१।३१

पुर्णचन्द्र भट्टराई
सहसचिव तथा प्रवक्ता